काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १७२ | शनिवार, २१ चैत, २०८२ | Saturday, 4 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

कर्णालीमा ६ सय ९४ वटा मानव अधिकार उल्लंघन र ज्यादतीका घटना

काँक्रेविहार संवाददाता

सुर्खेत, २० चैत

कर्णाली प्रदेशमा मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनामा उल्लेखनीय वृद्धि देखिएको छ। इन्सेक कर्णाली प्रदेशले सार्वजनिक गरेको अभिलेखअनुसार प्रदेशभर ६९४ जना मानव अधिकार उल्लंघनका घटनाबाट पीडित भएका हुन्।

कर्णालीमा मानव अधिकारको अवस्थाबारे आनौपचारीक केन्द्र सेवा क्षेत्र (इन्सेक) को तथ्यांकअनुसार राज्य पक्षबाट ६ महिला र ७९ पुरुष गरी ८५ जना तथा अन्य पक्षबाट ५३१ महिला र ७८ पुरुष गरी ६०९ जना पीडित भएका छन्। यसरी सबै पक्षबाट प्रभावित हुनेको संख्या ६९४ पुगेको हो। गत वर्ष भने ६०८ वटा घटनामा ५१५ महिला र ८१ पुरुष गरी कुल ५९६ जना पीडित भएका थिए।

गत भदौ २३ गते प्रदर्शनका क्रममा सुरक्षाकर्मीबाट अत्यधिक बल प्रयोग गरिएको घटनालाई गम्भीर मानव अधिकार उल्लंघनको रूपमा हेरिएको छ। प्रदर्शनकारीमाथि छाती, टाउको र घाँटीभन्दा माथि गोली प्रहार गरिएको उल्लेख गर्दै मानव अधिकारकर्मीहरूले यसलाई जीवनको अधिकारमाथिको गम्भीर आघात बताएका छन्।

यता, विश्वव्यापी अवधिक समीक्षा (यूपिआर) कार्यदलले नेपाल सरकारलाई दिएका सिफारिसहरू कार्यान्वयनमा समस्या देखिएपछि पनि उल्लंघनका घटना रोकिन सकेका छैनन्। मानव अधिकारको पाँचौं राष्ट्रिय कार्ययोजना प्रभावकारी रूपमा लागू हुन नसकेको तथा सहस्राब्दी विकास लक्ष्य हासिल गर्न आवश्यक कदमहरू कमजोर रहेको पनि प्रतिवेदनले औंल्याएको छ।

यस्तै, देशभर पनि मानव अधिकार उल्लंघनका घटनामा वृद्धि भएको पाइएको छ। सार्वजनिक विवरणअनुसार गत वर्ष १० हजार ७३४ जना पीडित रहेकामा यस वर्ष यो संख्या बढेर ११ हजार ५३८ पुगेको छ। यसरी एक वर्षको अवधिमा ८०४ जना पीडित थपिएका छन्।

राज्य पक्षबाट भएका घटनामा गोली प्रहारबाट ५१ जनाको मृत्यु भएको छ, भने झडपका क्रममा थप ५ जनाले ज्यान गुमाएका छन्। यससँगै यस्ता घटनामा मृत्यु हुनेको संख्या ५६ पुगेको छ। त्यस्तै, हिरासतमा चार जनाको मृत्यु भएको तथ्यांकले देखाएको छ।

नवयुवापुस्ताले सञ्चालन गरेको प्रदर्शनका क्रममा पनि ठूलो क्षति भएको छ। विभिन्न प्रदर्शनका क्रममा ७७ जनाको मृत्यु भएको विवरण सार्वजनिक गरिएको छ। यस अवस्थालाई ध्यानमा राख्दै सरोकारवाला निकायहरूले राज्यसँग सहकार्य गर्दै नागरिकका आधारभूत अधिकारहरूको संरक्षण र संवर्द्धनका लागि संयुक्त पहल गरिने इन्सेक कर्णालीका संयोजक नारायण सुवेदीले बताए।

उनका अनुसार नागरिक सचेतनाका कार्यक्रम सञ्चालन गरी नागरिक सशक्तीकरणमा जोड दिने, भ्रष्टाचारविरुद्ध अभियान सञ्चालन गरी सुशासन प्रवर्द्धन गर्ने तथा दण्डहीनताको अन्त्यका लागि वकालत गर्ने योजना अघि सारिएको छ।

यस्तै, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गर्न मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि पहल गरिने जनाइएको छ।

त्यसैगरी, राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरू कार्यान्वयन नहुनु, आयोग र अन्य संवैधानिक निकायबीच अपेक्षित समन्वयको अभाव हुनु, तथा आयोगमै साधन, स्रोत र जनशक्तिको कमी रहनु जस्ता समस्या पनि देखिएका छन्।

द्वन्द्वकालीन विषयमा पनि प्रगति सुस्त देखिएको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन संशोधनका लागि विधेयक पारित भए पनि कार्यान्वयनमा ढिलाइ भएको छ। द्वन्द्वपीडितहरूको अधिकार सुनिश्चित हुन नसक्नुका साथै उनीहरूलाई सत्य, न्याय र परिपूरण उपलब्ध गराउने कार्य प्राथमिकतामा पर्न सकेको छैन।

शान्ति सम्झौता सम्पन्न भएको लामो समय बितिसक्दा पनि त्यससँग सम्बन्धित महत्वपूर्ण कार्यहरू अझै टुंगोमा पुग्न नसकेकोप्रति सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन्।

छिटो न्याय नपाएको गुनासो

कर्णाली प्रदेशमा मानव अधिकार उल्लंघन तथा विभिन्न प्रकारका ज्यादतीका घटनामा पीडितहरूले अझै पनि छिटो न्याय नपाएको गुनासो गरेका छन्। प्रदेशका विभिन्न जिल्लाका पीडित तथा अधिकारकर्मीहरूले न्यायिक प्रक्रिया ढिलो, जटिल र प्रभावहीन भएको बताएका हुन्।

पीडितहरूका अनुसार यस्ता घटनामा प्रमुख चुनौतीका रूपमा कानुनको कमजोर कार्यान्वयन देखिएको छ। साथै राज्यका निकायहरूबाट पर्याप्त जवाफदेहिता नहुनु र आवश्यक स्रोत-साधनको अभावले न्यायिक प्रक्रियालाई अझ कठिन बनाएको उनीहरूको भनाइ छ। सामाजिक कुसंस्कार र परम्परागत सोचका कारण पनि धेरै पीडितले खुला रूपमा न्याय खोज्न नसक्ने अवस्था रहेको उल्लेख गरिएको छ।

मानव अधिकारका क्षेत्रमा कार्यरत सरोकारवालाहरूले दण्डहीनताको अन्त्य हुनुपर्नेमा जोड दिएका छन्। उनीहरूले विधिको शासन सुदृढ बनाउन, संस्थागत सुधार गर्न र मानव अधिकारको पूर्ण सम्मान सुनिश्चित गर्न राज्यले प्रभावकारी कदम चाल्नुपर्ने बताएका छन्। उनीहरूका अनुसार जबसम्म कानुनको निष्पक्ष कार्यान्वयन र जिम्मेवार निकायहरूको सक्रियता बढ्दैन, तबसम्म पीडितले समयमै न्याय पाउने अवस्था सुधार हुन कठिन रहनेछ।

स्रोत र पूर्वाधारको अभाव कर्णालीजस्तो दुर्गम क्षेत्रमा अझ गम्भीर समस्या रहेको अधिकारकर्मी लक्ष्मीकन्या बुढाले बताइन्। उनका अनुसार पर्याप्त अदालत, न्यायाधीश, कर्मचारी, तथा प्रविधिको कमीका कारण मुद्दाको चाप व्यवस्थापन गर्न सकिँदैन। दुर्गम भूगोलका कारण पीडित, साक्षी र सरोकारवालालाई अदालतसम्म पुग्नै गाह्रो हुन्छ।

'सामाजिक कुसंस्कार र चेतनाको कमीले पनि न्यायमा ढिलाइ गराउँछ। कतिपय पीडितले सामाजिक दबाब, डर वा लाजका कारण समयमै उजुरी दर्ता नगर्ने हुँदा प्रक्रिया ढिलो सुरु हुन्छ' उनले भने, 'स्थानीय तहमा मेलमिलापको नाममा गम्भीर मुद्दा दबाउने प्रवृत्ति पनि देखिन्छ। दोषीलाई कारबाही नहुने वा ढिलो हुने अवस्था हुँदा न्याय प्रणालीप्रति विश्वास घट्छ।'

कर्णाली प्रदेशमा न्याय प्रक्रिया ढिलो हुनुका पछाडि धेरै संरचनात्मक र सामाजिक कारणहरू जोडिएका छन्। यी कारणहरूले समग्र न्याय प्रणालीलाई प्रभाव पारेर पीडितले समयमै न्याय पाउन कठिन बनाएको देखिन्छ।

सबैभन्दा ठूलो कारण कानुनको कमजोर कार्यान्वयन हो। कानुन त भए पनि त्यसको प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा मुद्दाहरू लामो समयसम्म अड्किने गर्छन्। अनुसन्धान प्रक्रिया ढिलो हुनु, प्रमाण संकलनमा कमजोरी हुनु जस्ता पक्षले पनि ढिलाइ बढाउँछन्।

त्यसैगरी राज्यको जवाफदेहिताको अभाव पनि प्रमुख समस्या हो। सम्बन्धित निकायहरू, प्रहरी, सरकारी वकिल, र अदालतबीच समन्वय कमजोर हुँदा मुद्दा अघि बढ्न समय लाग्छ। कतिपय अवस्थामा जिम्मेवार निकायले आफ्नो काम समयमै नगर्दा पनि प्रक्रिया लम्बिने गरेको पीडितहरु बताउँछन्।

कर्णालीमा दलितलक्षित बजेट कार्यान्वयनमा पहल



काँक्रेविहार संवाददाता

सुर्खेत, २० चैत

कर्णाली प्रदेश सरकारले दलित समुदायका लागि विनियोजन गरिएको बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ।

विगतमा कार्यविधि अभावका कारण दलितलक्षित बजेट खर्च हुन नसकी फिर्ता जाने अवस्था देखिए पनि अब आवश्यक कानुनी आधार तयार भइसकेकाले कार्यान्वयनमा जोड दिइने जनाइएको छ। दलित महिला सङ्घ सुर्खेतद्वारा आयोजित "दलित समुदायका लागि विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था" विषयक कार्यक्रममा प्रदेश सभा सदस्य तथा पूर्वमन्त्री रणसिंह परियारले विगतमा बजेट छुट् याइए पनि कार्यविधि नबन्दा कार्यान्वयन हुन नसकेको बताए।

उनका अनुसार अहिले दलित सशक्तीकरण ऐन तथा आवश्यक कार्यविधि तयार भइसकेकाले अब बजेट कार्यान्वयनमा कुनै बहाना नरहनेछ। आर्थिक सशक्तीकरणबिना दलित समुदायको समग्र विकास सम्भव नहुने उल्लेख गर्दै उहाँले विनियोजित बजेट प्रभावकारी रूपमा खर्च गर्न सबै पक्ष सचेत हुनुपर्नेमा जोड दिए।

कार्यक्रममा प्रदेश सभा अन्तर्गत सामाजिक विकास समितिका अध्यक्ष पूर्णबहादुर खत्रीले विगतमा कार्यान्वयन पक्ष कमजोर रहेको स्वीकार गर्दै अब दलितलक्षित कार्यक्रमलाई प्राथमिकतामा राखिने बताए। उनले दलित समुदायको वास्तविक अवस्था सुधार गर्न प्रदेश मात्र होइन, स्थानीय र संघीय सरकारले समेत समन्वय गरी लक्षित बजेट कार्यान्वयन गर्नुपर्नेमा जोड दिए।

दलित महिला सङ्घ कर्णाली प्रदेश अध्यक्ष मञ्जु सुनारले विगतमा छुट्याइएको बजेटसमेत कानुनी अभावका कारण दलित समुदायसम्म पुग्न नसकेको गुनासो गरिन्। उनले दलित समुदायले अझै पनि विभिन्न क्षेत्रमा विभेद भोगिरहेकाले लक्षित बजेट कार्यान्वयनमा समेत संवेदनशीलता आवश्यक रहेको बताइन्।

नागरिक अगुवा पीताम्बर ढकालले आवश्यकताका आधारमा बजेट विनियोजन गर्नुपर्ने सुझाव दिँदै दलितका लागि छुट् याइएको बजेट फिर्ता जानु आफैंमा अन्याय भएको टिप्पणी गरे। उनले आगामी दिनमा बजेट कार्यान्वयनमा प्रभावकारी अनुगमन आवश्यक रहेको उल्लेख गरे। सामाजिक विकास मन्त्रालयका शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखाका अधिकृत बलवीर सुनारले विगतमा कार्यविधिको अभावमा दुई पटक गरी पाँच-पाँच करोड रुपैयाँ बजेट फिर्ता गएको जानकारी दिए।

कर्णाली प्रदेशमा दलित समुदायको जनसंख्या करिब २९ प्रतिशत भए पनि सो अनुपातमा बजेट विनियोजन हुन नसकेको उनले स्मरण गराए।हाल प्रदेश सरकारले दलित आयआर्जन कार्यक्रम, एकीकृत बस्ती विकास, दलित छात्रवृत्ति, उच्च शिक्षा छात्रवृत्ति तथा छोरीबुहारी कार्यक्रममार्फत केही प्रगति गरेको बताइएको छ।

विगतको तुलनामा अहिले लक्षित कार्यक्रमहरू बढेको भए पनि प्रभावकारी कार्यान्वयनमा अझ ध्यान दिनुपर्ने सरोकारवालाहरूको भनाइ छ। कार्यक्रममा सहभागीहरूले अन्तरजातीय विवाहबाट जन्मिएका बालबालिकाको जन्मदर्तामा समस्या रहेको, तथा दलितलक्षित बजेटलाई अझै प्राथमिकता नदिइएको गुनासो गरेका थिए।

सुर्खेतमा सहकारी दिवसमा विविध कार्यक्रम, उत्पादन र पारदर्शितामा जोड

काँक्रेविहार संवाददाता

सुर्खेत, २० चैत

६९औं राष्ट्रिय सहकारी दिवस शुक्रबार सुर्खेतसहित देशभर विविध कार्यक्रमका साथ मनाइएको छ। "उद्यमशीलता र पारदर्शिता: सहकारी" भन्ने नारासहित वीरेन्द्रनगरमा जनचेतनामूलक र्याली तथा विशेष कार्यक्रम आयोजना गरिएको हो।

मंगलगढी चोकबाट सुरु भएको र्याली बजार क्षेत्र परिक्रमा गर्दै शुभहोटमा पुगेर सभामा परिणत भएको थियो। कार्यक्रममा जिल्लाभरका सहकारी संस्थाका सदस्यहरू ब्यानर, पम्प्लेट र बाजागाजासहित सहभागी भएका थिए।

कार्यक्रममा वक्ताहरूले सहकारीलाई केवल बचत तथा ऋण प्रवाहमा सीमित नराखी उत्पादन, प्रशोधन र बजारीकरणसँग जोड्नुपर्नेमा जोड दिएका छन्। कृषि उपजलाई बजारसम्म पुऱ्याउन सहकारीको भूमिका महत्वपूर्ण हुने उनीहरूको भनाइ थियो।



सहकारी अभियन्ताहरूले किसानका उत्पादनलाई व्यवस्थित बजार उपलब्ध गराउने माध्यम सहकारी बन्नुपर्ने उल्लेख गर्दै त्यसका लागि सरकारी सहयोग आवश्यक रहेको बताएका छन्। साथै, ऋण लिएर तिर्ने बेलामा मिनाहा माग गर्ने प्रवृत्तिले सहकारी क्षेत्र बदनाम भइरहेको भन्दै यसतर्फ सरकारको ध्यानाकर्षण गराइएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय सहकारी महासंघका सञ्चालक हरिहरनाथ योगीले सहकारीलाई व्यवसायिक बनाउँदै उत्पादन र बजारसँग जोड्नुपर्ने आवश्यकता औंल्याए। उनले सहकारीको दिगोपनका लागि पारदर्शिता, अनुशासन र सदस्यमुखी सोच अपरिहार्य रहेको बताए। नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघका चन्द्रप्रसाद थानीले सहकारी सेवामुखी संस्थाका रूपमा विकास हुनुपर्ने धारणा राखे। ठूलो जनसंख्या सहकारीमा आबद्ध रहेकाले उनीहरूको आर्थिक उन्नतिका लागि प्रभावकारी कर्जा प्रवाह आवश्यक रहेको उनको भनाइ थियो।

कर्णाली प्रदेश रजिष्टार कार्यालयका प्रमुख खिमानन्द आचार्यले सहकारी क्षेत्रलाई पारदर्शी र विश्वासिलो बनाउन कडा नियमन र प्रभावकारी अनुगमन आवश्यक रहेको बताए। सहकारीमा देखिएका विकृति हटाउन सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिँदै उनले सदस्यहरूको बचत सुरक्षा राज्य र सहकारी दुवैको साझा जिम्मेवारी भएको उल्लेख गरे।

जिल्ला सहकारी संघ सुर्खेतका अध्यक्ष प्रकाशकुमार तिमिल्सेनाले सहकारीलाई उत्पादनमुखी र व्यवसायिक बनाउन संघले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिए। सहकारीलाई आम्दानीमूलक क्रियाकलापसँग जोड्न तालिम, परामर्श र समन्वयमार्फत सहयोग भइरहेको उनले बताए।

प्रदेश उद्योग वाणिज्य संघमा नेतृत्व चयनको तयारी

काँक्रेविहार संवाददाता

सुर्खेत, २० चैत

कर्णाली प्रदेश उद्योग वाणिज्य संघको आगामी निर्वाचन यही चैत २३ गतेदेखि सञ्चालन हुने भएको छ।

प्रदेशभरका उद्योगी-व्यवसायीहरूबीच नयाँ नेतृत्व चयनको तयारी तीव्र भइरहेका बेला अध्यक्ष पदका लागि भने अहिलेसम्म औपचारिक उम्मेदवारी दर्ता नभएको संघले जनाएको छ।

सुर्खेत जिल्लाबाट धनबहादुर रावतले अध्यक्ष पदमा दाबी गर्ने भएका छन्। संघको प्रावधान अनुसार अध्यक्ष पदका लागि जिल्ला अध्यक्ष बनिसकेको हुनुपर्ने व्यवस्था रहेको छ।

हालसम्म कुनै पनि जिल्लाबाट आधिकारिक रूपमा अध्यक्ष पदमा दाबी पेश नभएको बताइएको छ। कर्णाली प्रदेशका १० जिल्लाबाट एक-एक उद्योग वाणिज्य संघ र सुर्खेतको छिन्चुमा रहेको नगर उद्योग वाणिज्य संघ गरी कुल ११ वटा संघहरू सक्रिय रहेका छन्।



ती सबै संघहरूको सहभागितामा प्रदेश नेतृत्व चयन हुने भएकाले सबैको ध्यान केन्द्रित भएको छ। निर्वाचन नजिकिँदै जाँदा सम्भावित उम्मेदवारहरू सक्रिय रुपमा लागेका छन्।

सहमति वा प्रतिस्पर्धामार्फत नयाँ नेतृत्व चयन हुने विषयमा उद्योगी व्यवसायीहरूबीच चर्को बहस समेत सुरु भएको छ।

अध्यक्ष पदमा कसले उम्मेदवारी दिने भन्ने विषय अझै टुंगो नलागेकाले आगामी दिनमा राजनीतिक तथा व्यावसायिक समिकरणहरू निर्णायक बन्ने अनुमान गरिएको छ।

कर्णालीको आर्थिक विकास र निजी क्षेत्रको नेतृत्व कसले सम्हाल्ने भन्ने प्रश्नसँग जोडिएको यो निर्वाचनलाई प्रदेशकै महत्वपूर्ण घटनाका रूपमा हेरिएको बताइएको छ।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

शनिवार

अब पालो कर्मचारीको–

मुख्य सचिवदेखि सहयोगीसम्मको व्यवहारमा सुधार !



✍ गोकर्णप्रसाद उपाध्याय

सुरूमै भन्छु – लेखमा खाँदिएका विषयवस्तु विशुद्ध अनुभवजनित निजी विचार हुन् । यी विषयवस्तु कसैको वास्तविक जीवनसँग मिल्न गएमा संयोग मात्र हुनेछ । धेरैको जीवनसँग मिल्न गएमा वास्तविकता हुनेछ!

कसैलाई फुर्क्याउन, घुर्क्याउन, फकाउन वा यस्तै प्रयोजनको लागि ऊर्जा सापट लिएर कोरिएका शब्द होइनन् । थुप्रै लेख लेखिसकेकाले लेखनीको पहिलो प्रयास पनि होइन ।

सार्वजनिक प्रशासनका सुधारका क्षेत्र सबैलाई महसुस गराउन व्यवस्थापकीय कमजोरी र हेलचेक्र्याँइका कुरा बढी खोजखाज पारेर पस्किइएको छ जसमा सधैं सुधारको खाँचो थियो, छ र रहनेछ ।

अब विषयमै जाऔं ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा एउटै दलको झन्डै दुई-तिहाइ आएबाट राज्य सञ्चालनको सबभन्दा महत्त्वपूर्ण पाटो राजनीतिमा मतदाताले परिवर्तन खोजेको छर्लंगै देखियो ।

तिनै मतदाताले सेवाग्राहीका रूपमा राज्य सञ्चालनको अर्को पाटो सार्वजनिक प्रशासनमा पनि अनुभूतियोग्य सुधार खोजेका छन् । तर सार्वजनिक प्रशासनप्रति सधै नागरिक असन्तुष्टि उच्च छ । त्यसैले राजनीतिमा सुधारको छलाङसँगै स्थायी सरकारको 'पगरीधारी' कर्मचारीतन्त्रले आत्मसमीक्षा गर्दै सुध्रिनुपर्ने 'टर्निङ प्वाइन्ट' आइसकेको छ ।

अबको सरकारको 'स्पिरिट र स्पिड' पहिलेभन्दा फरक छ । फरक सोच र गति पनि फरक छ । त्यो गति र लय च्याप्प समातेर सरकारलाई सफल बनाउने जिम्मेवारी निजामती, शिक्षक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संस्थानका कर्मचारीदेखि अस्थायी, करार र ज्यालादारीका राष्ट्रसेवक लगायतले पूरा गर्नुपर्छ ।

कर्मचारीतन्त्रीय 'लोसेपन' अन्त्य हुनुपर्छ ।

दोहोऱ्याउन चाहन्छु –समग्र सार्वजनिक प्रशासन र सबै राष्ट्रसेवक 'लोसे' छन् भन्ने होइन । सबै खराब छन् र सबै सुध्रिनुपर्छ भनेको पनि होइन । जहाँ नागरिक असन्तुष्टि उच्च छ, जो कर्मचारीको व्यवहार सेवाग्राहीमैत्री छैन, त्यहाँ हो सुधारको खाँचो ।

सार्वजनिक सेवाका तीता कुरा

उपभोक्ता ठाउँको ठाउँ ठगिएका छन् । सार्वजनिक यातायात सुरक्षित र विश्वसनीय छैनन् । सबैतिर अनलाइन प्रणालीको व्यावहारिक कार्यान्वयन छैन । नागरिकले एकातिर गुनासा गर्छन्, अर्कोतिर सुझाव दिन्छन् । तर सार्वजनिक प्रशासनमा दुवैलाई बेवास्ता गर्ने संस्कार छ ।

यो बेथिति तथ्यमा भन्न नसकिएला तर भ्रष्टाचार अवधारणा सूचकांकमा पछिल्लो पाँच वर्षमा ३३ देखि ३५ अंक मात्र प्राप्त हुनु, अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा भ्रष्टाचार सम्बन्धी उजुरी संख्या बढ्दो क्रममा हुनु, आयोगमा आर्थिक वर्ष २०८०/८१ मा २६,९१८ र २०८१/८२ मा २८,५५४ नयाँ उजुरी दर्ता हुनु दुःखद हो नै । नागरिकका गुनासो सुन्न २०६८ साल कात्तिकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा स्थापना भई हाल चौबिसै घण्टा सञ्चालनमा रहेको 'हेलो सरकार' को अनलाइन पोर्टलमा २०८२ फागुनसम्म ८० हजारभन्दा बढी गुनासा दर्ता भए । २०८१/८२ का १५,८६८ गुनासामध्ये सबभन्दा धेरै नेपाल प्रहरीसँग सम्बन्धित २,१७६, दोस्रोमा गृह मन्त्रालयसँग सम्बन्धित ६१९ र तेस्रोमा नेपाल विद्युत प्राधिकरणसँग सम्बन्धित ५८२ गुनासा छन् । सार्वजनिक सेवालाई गुनासोरहित बनाउन व्यापक काम गर्नुपर्ने यसबाट देखिन्छ ।

थप उदाहरण हेरौं ।

कुल जनसंख्याको २.२ प्रतिशत अर्थात झन्डै साढे ६ लाख जनसंख्या कुनै न कुनै प्रकारको अपांगतामा रहँदा अपांगमैत्री कार्यालयको अवधारणा सबैतिर कार्यान्वयनमा छैन । हालै बनेका स्थानीय तहका बहुतले भवनहरूमा 'लिफ्ट' को व्यवस्था खै? कार्यालयमा सोधपुछ काउन्टरहरूभित्र कर्मचारी बसेको समेत नदेखिने गरी अग्ला बनाउन मिल्छ ?

अपांगतामैत्री, लैंगिकमैत्री नभएका शौचालय अब पनि हुन्छन् र? स्तनपान कक्ष सहितको कार्यालयको सोच कागजमा सीमित गर्न पाइन्छ? सबै सरकारी कार्यालयमा सेवाग्राहीलाई बस्ने ठाउँ र सुविधा आवश्यक पर्दैन? सिंहदरबारको दक्षिणी गेटमा समेत प्रवेश 'पास' लिन आउने सेवाग्राहीलाई बस्ने ठाउँ हुनु पर्दैन?

कार्यालयका वेबसाइट छन्, सबै अद्यावधिक हुँदैनन् । मोबाइल एप्स वा अनलाइन प्लेटफर्महरू सहजै चलाउन सक्ने गरी प्रयोगकर्तामैत्री हुँदैनन् । सरकारले बनाएको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली बेलामा खुल्दैन ।

झन्झटरहित, गुनासोरहित र समयमै सेवा दिने । सेवाग्राहीसँग शिष्ट व्यवहार देखाउने । कार्यस्थलको भौतिक अवस्था सुधार्ने । सामूहिक कार्यशैली अपनाउने । सार्वजनिक प्रशासनले यी विशेषता बोक्नुपर्ने भए पनि हामीकहाँ नागरिकले राष्ट्रसेवकहरू अनुदार, असंवेदनशील र अनुत्तरदायी भएको महसुस गरेका छन् ।

सेवा लिन गएका सेवाग्राहीसँग राम्रो 'रेस्पोन्स' नगर्ने, ड्राइभिङ लाइसेन्स वर्षौंसम्म हातमा नआउने, कार्यालयमा टिरिङ टिरिङ बजिरहने टेलिफोन नउठाएर मासिक बिलमात्र उठाउने, कार्यालयको नम्बर सहितको मोबाइलमा आउने सेवाग्राहीका कल, म्यासेज वा गुनासोको सुनुवाइ नगर्ने, सामाजिक सञ्जालका इनबक्सहरू नहेर्ने र लाखौं खर्चिएर बनाएका वेबसाइटहरू अपडेट नगरी राख्ने !

खबरदार – अबको नागरिक अभिमत अनि जागरूकताले यस्ता कमजोरीमा छुट पाइनेवाला छैन । पचहत्तर वर्षको नागरिकलाई घरमै पुगेर नागरिकता दिइएकोमा प्रचार गर्ने, सामाजिक सञ्जालमा फोटो पोस्ट्याउने? यत्रो उमेरसम्म नागरिकता नपाउनुमा प्रदायककै पनि दोष हो कि?

आवश्यक प्रमाण पुऱ्याउने दायित्व सेवाग्राहीको हो तर कर्मचारीको अगाडि उभिएर कुरा गर्न नसक्ने सेवाग्राहीलाई सेवाप्रति सचेत गराउने जिम्मेवारी त फेरी सेवा प्रदायककै होला ।

व्यवहारमा आफूलाई मालिक ठान्ने सोचबाट केही कर्मचारी ग्रसित हुँदा कैयौं सेवाग्राही सेवाबाट बञ्चित हुनुपरेको छ ।

मुस्कानसहितको सेवाको नारा तर सेवाग्राहीसँग द्वन्द्व । सेवा नपाए क्षतिपूर्ति त भन्ने मात्रै हो, मुस्कानसहितको सेवा भनेजस्तै । निजामती सेवामा कतै ओभरस्टाफिङ (आवश्यकताभन्दा धेरै कर्मचारी) छ, कतै अन्डरस्टाफिङ (आवश्यकताभन्दा थोरै कर्मचारी) ।

सेवाग्राही र निजामती कर्मचारीको अनुपात नमिलेको हो कि?

नेपालमा यो अनुपात १:२१० छ जबकि भुटानमा १:२५ । संघीयता अँगालिसक्दा पनि सोच केन्द्रीकृत नै छ ।

उदाहरण हेरौं ।

कर्मचारी समायोजन हुँदा २०७६ सालमा संघमा रहेको ४८ हजार दरबन्दी २०८२ सालमा आइपुग्दा ५३ हजार नाघिसकेको छ । करिब १ लाख ४० हजार कर्मचारी भइसके । सेनाको संख्या करिब एक लाख, नेपाल प्रहरी सत्तरी हजार र अर्धसैनिक बलको रूपमा रहेको सशस्त्र प्रहरी बल, नेपालको संख्या करिब ३५ हजार छ ।

यो सबै केका आधारमा तय गरियो ?

यसलाई वैज्ञानिक ढंगले पुनर्विचार गरिनुपर्छ कि?

सिंहदरबारभित्रका केही दृश्य

प्रशासनिक केन्द्र सिंहदरबारभित्र ट्रान्समिटर पड्किएको पड्कियै गर्दा सामान्य ठान्ने ठाउँमा अन्यत्र सेवा दिँदादिँदै बत्ती झ्याप्प जानुलाई के ठूलो ठान्नु ? त्यही सन् २०२५ को विश्व वातावरण दिवस मनाइरहँदासम्म सन् २०१२ को विश्व वातावरण दिवसको खुइले पोस्टर हाँसिरहेकै छ !

सिंहदरबारभित्र कर्मचारीको खाजा समय बचाउन खोलिएको 'सेन्ट्रल क्यान्टिन' ले काम गरेन । मन्त्रालयपिच्छे 'क्यान्टिन' खुल्दै गए । सबै दर्ता पनि छैनन् । अझ मन्त्रालय नै बसाउने गरी तलातलामा खाजा पकाउने प्रवृत्ति रोकिएको छैन । मन्त्रालयका तलैपिच्छे फरक फरक रङका पर्दा छन्, फर्निचर त्यस्तै फरक ।

कुरा साना हुन् र सेवा प्रवाहसँग सिधै जोडिने विषय नभए पनि प्रशासनिक कार्यशैलीको चित्रण गर्ने उदाहरण हुन् । सचिव बैठक बस्छ । मुख्य एजेन्डा हुन्छ सेवा सुधार । कार्यालयको समग्र व्यवस्थापन परीक्षण गऱ्यो, ५० अंक कट्दैन । जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बस्ने कार्यालय प्रमुखहरूको बैठक होस् वा कार्यालयमा कार्यालय प्रमुखले राख्ने बैठक – एजेन्डा उही – सेवा प्रवाह सुधार ।

तर समग्रमा गुनासो बढेको बढ्दै छ ।

प्रशासन किन उत्तरदायी हुन सकेन?

आचरण उल्लंघन होस् वा तोकिएको कार्यसम्पादन नगरेर भएका कैयौं गल्तीमा राष्ट्रसेवकलाई कारबाही भएको खासै पाइँदैन । वार्षिक एकाधलाई हुन्छ होला विभागीय सजाय ।

प्रहरीमा विभिन्न दर्जाका प्रहरी कर्मचारी सम्पर्कमा नआएकाले कारबाहीको सूचना प्रकाशन हुँदासम्म प्रहरी जागिर छाडेर अन्य अवसरको खोजीमा अन्तै पुगिसकेको हुन्छ । केही शिक्षकहरूले महिनौं हाजिर नगर्दा पनि तलब 'पाक्न' रोकिँदैन । कतिपय संस्थानमा हाजिर गरेको भरमा थप भत्ता आइरहन्छ ।

अब यस्तो नहोस् ।

कारण अनेक भए पनि मूलतः अधिकांश कर्मचारी स्वार्थबाट माथि उठ्न सकेनन् । एकातिर न्यून तलब र अन्य सुविधा, अर्कोतिर कर्मचारीलाई उचित परामर्शको कमी र अवसरमा विभेद छ । सरकारी सेवामा प्रवेश गर्न उत्तीर्ण गर्नुपर्ने पाठ्यक्रम एक किसिमको अनि फिल्डमा देखिने व्यावहारिक समस्याहरू बेग्लै किसिमका छन् ।

निराशै हुनुपर्ने हो त?

विद्युतीय शासनलाई बढावा दिइएको छ । राजस्व र सरकारी भुक्तानी पूर्णत अनलाइन भइसक्यो । सम्पत्ति व्यवस्थापनका लागि पाम्स प्रणाली कार्यान्वयनमा छ । राष्ट्रिय परिचयपत्र अनिवार्य बनाइएको छ । नागरिक एप्सको प्रयोगमार्फत नागरिकलाई धेरै कुरामा सहज भएको छ । लोडसेडिङ अन्त्य भएको छ, फोहोरमैला व्यवस्थापनमा उल्लेख्य उपलब्धि भएको छ ।

सुशासन मार्गचित्र २०८२ जारी भएको छ । शासकीय सुधार सम्बन्धी सरकारका एकसय कार्यसूचीमा प्रशासनिक सुधारका एघार तथा सार्वजनिक सेवा प्रवाह र गुनासो व्यवस्थापनका आठ कार्यसूची परेका छन् ।

तीनै तहका सरकार सार्वजनिक सेवा अझ राम्रो बनाउन आफ्ना-आफ्ना क्षमता, सीप कौशल विकासमार्फत उत्तरदायित्व अभिवृद्धि गर्न प्रयासरत छन् । सूचनाको हक र स्वतः प्रकाशन जस्ता व्यवस्थाले नागरिकलाई सचेत र सशक्त बनाएका छन् । सार्वजनिक सुनुवाइजस्ता प्लेटफार्ममार्फत नागरिकप्रतिको उत्तरदायित्व बढाइँदैछ । हेलो सरकार कक्षबाट नागरिकका गुनासो सम्बोधन हुने गरेको छ । यी प्रयासहरूले निराश हुनबाट रोके पनि समग्र सार्वजनिक प्रशासनका धेरै पक्षमा सुधार गर्न बाँकी देखिन्छ ।

(लेखक गोकर्णप्रसाद उपाध्याय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव हुन् ।

सरकारी पैसा खर्च नगरी फिर्ता हुन सक्छ सहकारीपीडितको निक्षेप

नेपालको सहकारी आन्दोलन आधुनिक राज्य संरचनाभन्दा धेरै अघि विकसित भएको सामाजिक अभ्यासबाट जन्मिएको हो । औपचारिक बैंकिङ प्रणाली सीमित शहरी केन्द्रमा केन्द्रित रहँदा ग्रामीण समुदायहरूले आफ्नै श्रम, विश्वास र आपसी सहयोगमा आधारित आर्थिक संरचनाहरू विकास गरे ।

किसान समूह, गुठी र परम्परागत ऋण-बचत प्रणालीहरू नै आजको सहकारी आन्दोलनका ऐतिहासिक जरा हुन् । यसले समुदायलाई आत्मनिर्भर बनायो, कठिन समयमा सहारा दियो र सीमित स्रोतलाई सामूहिक रूपमा परिचालन गर्ने संस्कार विकास गऱ्यो ।

१९५० को दशकपछि राज्यले सहकारी प्रणालीलाई औपचारिक मान्यता दिएसँगै यसले संस्थागत रूप लिन थाल्यो । सहकारी ग्रामीण विकास, कृषि उत्पादन र गरिबी न्यूनीकरणका प्रभावकारी साधनका रूपमा स्थापित भयो । सहकारी ऐनका प्रारम्भिक मर्म भनेको सामूहिक उत्तरदायित्व, एक सदस्य-एक मत र नाफाभन्दा सेवाको प्राथमिकता थियो, जसले सहकारीलाई बैंकिङ प्रणालीभन्दा मौलिक रूपमा फरक बनायो ।

बैंक प्रणाली पुँजी र जोखिम नियन्त्रणमा केन्द्रित हुन्छ तर सहकारी प्रणाली मानिस र आपसी विश्वासमा टिक्छ । बैंक जोखिम घटाउन खोज्छ, सहकारी जोखिम बाँड्छ । यही कारण सहकारी संस्थाहरू ती समुदायमा फस्टाए जहाँ बैंकिङ प्रणाली पुग्न सकेको थिएन । सहकारीले श्रमिक, किसान, महिला र साना उद्यमीहरूलाई वित्तीय पहुँच मात्र होइन, आर्थिक आत्मनिर्भरता र सामाजिक पहिचान पनि दियो ।

तर यही मानव-केन्द्रित संरचना समयक्रममा कमजोरीमा परिणत भयो । विश्वासमा आधारित प्रणालीमा कडा नियमन, जोखिम व्यवस्थापन र व्यावसायिक अनुशासन विकास नभएपछि दुरुपयोगको सम्भावना बढ्दै गयो । यही कारण सहकारीको दर्शन नबुझी संकटको समाधान खोज्नु सम्भव छैन ।

बैंक प्रणाली पुँजी र जोखिम नियन्त्रणमा केन्द्रित हुन्छ तर सहकारी प्रणाली मानिस र आपसी विश्वासमा टिक्छ ।

सहकारीले ग्रामीण अर्थतन्त्रमा गहिरो परिवर्तन ल्यायो । कृषि उत्पादन बढ्यो, किसानले बीउ, मल र उपकरण किन्न सके, महिला बचत समूहहरू आर्थिक गतिविधिको केन्द्र बने । धेरै जिल्लामा सहकारी नै स्थानीय विकासको मुख्य इन्जिन बन्यो । तर यस सफलताको आडमा राज्यले सहकारीलाई वित्तीय संस्थाभन्दा बढी सामाजिक संस्था ठानेर जोखिम व्यवस्थापन प्रणालीलाई प्राथमिकतामा नराख्नु ठूलो भूल साबित भयो । यही भूल आजको संकटको आधार बन्यो ।



वित्तीय समावेशीकरणदेखि वित्तीय जोखिमसम्म

नेपालमा वित्तीय समावेशीकरणको काम बैंकभन्दा बढी सहकारीले गरे । बैंकिङ प्रणालीले न्यूनतम निक्षेप, पर्याप्त जमानत र स्थायित्व खोज्दा गरिब, किसान र अनौपचारिक क्षेत्रका नागरिक बाहिर परे । सहकारीहरूले समूह जमानी, सामाजिक चिनजान र आपसी पहिचानलाई कर्जाको आधार बनाए । यसले महिलाहरू, दलित, आदिवासी जनजाति र गाउँका साना उद्यमीहरूलाई वित्तीय प्रणालीमा प्रवेश गरायो ।

तर यही सफलतासँगै अर्को गम्भीर समस्या जन्मियो । सहकारीहरूले क्रमशः बैंकजस्तै काम गर्न थाले- ठूलो मात्रामा निक्षेप संकलन, दीर्घकालीन कर्जा र ब्याजदर प्रतिस्पर्धा । तर बैंकजस्तै नियमन प्राप्त गरेनन् । अर्बौं रुपैयाँ परिचालन गर्ने सहकारी पनि गाउँस्तरको नियमनमै सीमित रहे । सहकारी बैंकजस्तै बने, तर बैंकसरह सुरक्षा संरचना विकास भएन । बचतकर्ताले बैंकस्तरकै सुरक्षा अपेक्षा गरे, तर प्रणालीसँग त्यो क्षमता थिएन । यस अर्थमा सहकारी संकट असफलताको होइन, अनियन्त्रित सफलताको परिणाम हो ।

संकटको मूल कारणः व्यक्तिमात्र होइन, प्रणालीगत कमजोरी

सहकारी संकटलाई केही खराब व्यक्तिको गल्तीका रूपमा बुझ्नु सतही विश्लेषण हुन्छ । यो संकट संरचनागत कमजोरी, नीतिगत अस्पष्टता र नियमनको असन्तुलनको दीर्घकालीन परिणाम हो । सानो गाउँस्तरीय सहकारी र अर्बौं कारोबार गर्ने सहरी सहकारीलाई एउटै कानुनी ढाँचामा राखियो । संस्थाले के गर्छ भन्ने आधारमा होइन, नाम र ऐनको आधारमा नियमन गरियो ।

बैंक जोखिम घटाउन खोज्छ, सहकारी जोखिम बाँड्छ । यही कारण सहकारी संस्थाहरू ती समुदायमा फस्टाए जहाँ बैंकिङ प्रणाली पुग्न सकेको थिएन ।

नियामकीय जिम्मेवारी केन्द्रीय, प्रादेशिक र स्थानीय तहमा बाँडिए पनि स्पष्ट जवाफदेहिता तय भएन । यसले दोषारोपणको संस्कार पैदा गऱ्यो र समस्याग्रस्त सहकारीले नियमनबाट उम्किने ठाउँ पाए ।

भित्रतर्फ, धेरै सहकारीमा सञ्चालक समिति अत्यन्त शक्तिशाली बन्यो र आन्तरिक नियन्त्रण कमजोर रह्यो । साधारण सभा, लेखा समिति र जोखिम मूल्याङ्कन औपचारिकतामा सीमित भए । कर्जा स्वीकृतिमा स्वार्थको द्वन्द्वलाई बेवास्ता गरियो । सहकारीको पैसा आफ्नै व्यवसायमा लगाउने, मुनाफा व्यक्तिगत बनाउने तथा घाटाको भार सहकारीलाई बोकाउने व्यवहार रोकिएन ।

रियल-इस्टेटमा गरिएको अत्यधिक लगानीले संकटलाई प्रत्यक्ष रूपमा विस्फोट गऱ्यो । बचतकर्ताको पैसा अल्पकालीन थियो, तर लगानी दीर्घकालीन, अचल र बजार घट्नेबित्तिकै तरल नहुने खालको थियो । बजार सुस्तिँदा नगद सकियो र निक्षेप फिर्ता रोकियो । यही बिन्दुबाट निक्षेप संकट सुरु भयो ।

संकटको वास्तविक मूल्यः मानवीय र लोकतान्त्रिक चोट

सहकारी संकटलाई केवल अर्बौं रुपैयाँको हानिका रूपमा हेर्नु पर्याप्त छैन । यसको गहिरो प्रभाव मानिसको जीवनमा परेको छ । सहकारीका बचतकर्ताहरू जोखिम खोज्ने लगानीकर्ता थिएनन् । उनीहरूले शिक्षा, उपचार र बुढेसकालका लागि सानो-सानो बचत गरेका थिए । जब निक्षेप फिर्ता भएन, पैसा मात्र होइन, जीवन योजना नै ध्वस्त भयो । मानसिक तनाव, आत्मदोषभावना, पारिवारिक विघटन र सामाजिक अविश्वास बढेको छ । महिलाहरू विशेषगरी प्रभावित छन्, किनकि सहकारी महिला वित्तीय आत्मनिर्भरताको प्रमुख आधार थियो ।

सबैभन्दा गहिरो असर लोकतान्त्रिक भरोसामाथि परेको छ । “नियम थिए भने किन लागू भएन?” भन्ने प्रश्नले लोकतन्त्रको आधारभूत वाचा –नागरिक सुरक्षा–माथि चुनौती दिएको छ । सहकारी पीडितहरूको आन्दोलन पैसाका लागि मात्रै होइन, आफ्ना कुरा सुन्ने कोही छैनन् भन्ने अनुभूतिका विरुद्धको प्रतिरोध हो ।

मूल प्रश्नः निक्षेप कसरी फिर्ता गर्ने ?

यहींबाट लेखको केन्द्रीय प्रश्न सुरु हुन्छ –समस्याग्रस्त सहकारीका बचतकर्ताको पैसा कसरी फिर्ता गर्ने? सबै पैसा तुरुन्त फिर्ता गर भन्ने माग मानवीय रूपमा बुझ्न सकिन्छ, तर नीतिगत रूपमा खतरनाक छ । राज्यले सबै रकम तिऱ्यो भने करदाताको पैसा निजी संस्थाको असफलताको मूल्य तिर्नमा खर्च हुन्छ । अर्कातर्फ राज्यले केही नगरे बचतकर्ता असहाय हुन्छन् र सामाजिक अस्थिरता बढ्छ । समाधान यी दुईबीचको व्यावहारिक बाटो हो । डीआरएफएफ भनेको कुनै सरकारले अनुदान दिएर डुब्न लागेको संस्था बचाउने (बेलआउट) प्याकेज होइन । यो अस्थायी तरलता उपलब्ध गराउने कोष हो । यस लेखको उद्देश्य पनि यही हो –समस्याग्रस्त सहकारीको निक्षेप सरकारी ढुकुटी प्रयोग नगरी कसरी फिर्ता गर्न सकिन्छ? भन्ने कुरा स्पष्ट गर्नु ।

निक्षेप फिर्ताको मूल दर्शनः राज्य मार्गदर्शन दिने, भुक्तानी गर्ने होइन यो समाधानको आधारभूत सोच एकदमै सीधा छ । सहकारी निजी सदस्यहरूको संस्था भएकाले सहकारी डुब्यो भने त्यसको खर्च करदाताले होइन, सहकारीकै सम्पत्ति र त्यसबाट उठ्न सक्ने पैसाले बेहोर्नुपर्छ । राज्यको भूमिका पैसा तिर्ने होइन, प्रक्रिया बनाउने हो । राज्यले पारदर्शिता सुनिश्चित गर्छ, अस्थायी रूपमा समय किनिदिन्छ र दोषीलाई कानुनको दायरामा ल्याउने काम गर्छ ।

बेतन कर्णाली जलविद्युत् आयोजना निर्माणको तयारी



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २० चैत

बहुप्रतिक्षित बेतन कर्णाली जलविद्युत् आयोजना निर्माणको चरणमा प्रवेश गर्ने तयारीमा पुगेको छ। आयोजनासम्बन्धी आवश्यक अध्ययन सम्पन्न भइसकेको छ। निर्माणपूर्वका अधिकांश प्रक्रिया अन्तिम चरणमा पुगेको आयोजनाले जनाएको छ। सुर्खेत र अछाम जिल्लाको सीमामा निर्माण हुने यस आयोजनाको विद्युत् खरिद सम्झौता (पीपीए) पनि अन्तिम चरणमा पुगेको बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडका आयोजना प्रमुख कृष्ण आचार्यले जानकारी दिए।

उनका अनुसार आयोजनाले २०८२ असारमा उत्पादन अनुमतिपत्र प्राप्त गरिसकेको छ। मुआब्जा वितरणका लागि ऊर्जा मन्त्रालयमा प्रस्ताव पेस गरिएको छ र अब भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृति लिएपछि वितरण प्रक्रिया अघि बढाइने तयारी रहेको छ। आयोजना निर्माणका क्रममा सुर्खेत र अछाम जिल्लामा गरी करिब १८ रोपनी जग्गा प्रभावित हुने अनुमान गरिएको छ। प्रभावित क्षेत्रमा रुख कटानको प्रक्रिया पनि अघि बढाइएको छ।

४ सय ३९ मेगावाट क्षमताको यस जलविद्युत् आयोजना निर्माणका लागि करिब ८८ अर्ब रुपैयाँ लागत लाग्ने अनुमान छ। तर हालसम्म पूर्ण लगानी सुनिश्चित भइसकेको छैन। कर्मचारी सञ्चय कोषबाट ७ अर्ब रुपैयाँ लगानी सुनिश्चित भएको छ भने अन्य स्रोत जुटाउन विभिन्न निकायसँग पहल भइरहेको आयोजनाले जनाएको छ।

यो आयोजना कर्मचारी सञ्चय कोष, नेपाल विद्युत् उत्पादन कम्पनी लिमिटेड र करिब ६ लाख सञ्चयकर्ताको सहभागितामा स्थापना गरिएको सञ्चयकर्ता हाइड्रो अवधारणा अनुसार अघि बढाइएको हो। पूर्वाधार विकासअन्तर्गत आयोजनास्थलसम्म पहुँच सहज बनाउन अछामतर्फ १८ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ।

भने सुर्खेततर्फ १४ किलोमिटरमध्ये १० किलोमिटर सडक निर्माण भइसकेको छ। साथै, कैलालीको सुगरखालबाट करिब ३० किलोमिटर दूरीमा ३३ केभी प्रसारण लाइन विस्तार गर्ने काम पनि अघि बढाइएको छ। आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ। यस अन्तर्गत कर्णाली नदीमा १ सय ४० मिटर अग्लो बाँध निर्माण गरिनेछ भने जलाशयमा करिब १ करोड २५ लाख घनमिटर पानी सञ्चय गरिनेछ।

उक्त पानी ६.६ किलोमिटर लामो हेडरेस सुरुङ र ३ सय ४५ मिटर लामो पेनस्टक पाइपमार्फत टर्बाइनमा पठाइनेछ। डाइभर्सन टनेल सुर्खेतको चौकुने गाउँपालिका-६ मा निर्माण हुने छ। भने विद्युत् गृह, बेस क्याम्प र अन्य मुख्य संरचना अछामको ढकारी गाउँपालिका-६ मा रहनेछन्। बाँधस्थल भने दुवै गाउँपालिकाको सीमामा पर्नेछ। बाँध निर्माणपछि करिब २१ किलोमिटर लामो जलाशय क्षेत्र बन्नेछ। यसैबीच, सुर्खेत क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य रमेश सापकोटाले आयोजनाको प्रगति बारे जानकारी लिँदै निर्माण प्रक्रिया तीव्र बनाउन सम्बन्धित निकायसँग समन्वय र पहल गरिने बताएको छ।

सार्वजनिक सवारी बन्द गर्ने यातायात व्यवसायीको घोषणा

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २० चैत

सुर्खेतमा यातायात व्यवसायीहरूले प्रहरीको व्यवहारप्रति असन्तुष्टि जनाउँदै सार्वजनिक सवारी सेवा बन्द गर्ने चेतावनी दिएका छन्। सार्वजनिक सवारी चालक तथा मजदुरमाथि भइरहेको धरपकड र निजी प्रयोजनका सवारीसाधनप्रति देखिएको कथित नरम नीतिको विरोधमा उनीहरू आन्दोलनमा उत्रिएका हुन्।

जिल्लामा सञ्चालनमा रहेका १३ वटा यातायात प्रा.लि.हरूले संयुक्त रूपमा बैठक गरी प्रहरीको 'पक्षपातपूर्ण' कारबाही तत्काल रोक्न माग गरेका छन्। व्यवसायीहरूको भनाइअनुसार पछिल्लो समय सार्वजनिक सवारीका चालक र सहचालकमाथि अनावश्यक निगरानी र कारबाही बढाइएको छ।



जसले श्रमिकहरूमा त्रास सिर्जना गरेको छ। उनीहरूले विशेषगरी रातो नम्बर प्लेट भएका निजी सवारीसाधनमाथि प्रभावकारी अनुगमन नगरेको आरोप लगाएका छन्। व्यवसायीहरूका अनुसार यस्ता सवारीसाधनहरू निजी प्रयोजनका लागि दर्ता गरिए पनि व्यवहारमा भाडा उठाउने कार्यमा संलग्न हुने गरेका छन्।

जसले नियमको उल्लंघन मात्र होइन, सार्वजनिक सवारी व्यवसायलाई प्रत्यक्ष असर पारिरहेको छ। यस्ता गतिविधिमाथि प्रहरी प्रशासनले अपेक्षित कडाइ नगरेको उनीहरूको गुनासो छ। यातायात व्यवसायीहरूले सार्वजनिक सवारीमाथि मात्रै कडाइ गरिँदा आफूहरू अन्यायमा परेको बताएका छन्। नियम सबैका लागि समान हुनुपर्छ, तर अहिले कार्यान्वयनमा विभेद देखिएको छ। एक व्यवसायीले बताए।

उनीहरूका अनुसार यस्तो अवस्था कायम रहे सार्वजनिक सवारी सञ्चालन गर्न गाह्रो हुने र व्यवसाय नै संकटमा पर्ने खतरा बढेको छ। माग सम्बोधन नभए भोलिदेखि जिल्लाभर सार्वजनिक सवारी सेवा पूर्ण रूपमा बन्द गर्ने चेतावनी व्यवसायीहरूले दिएका छन्। यस कदमले यात्रुहरूलाई ठूलो असर पर्ने र दैनिक जनजीवन प्रभावित हुने अनुमान गरिएको छ।

यता, सम्बन्धित निकायसँग संवादमार्फत समस्या समाधान गर्ने प्रयास भइरहेको जनाइएको छ। सरोकारवालाहरूले वार्ता र सहमतिमार्फत समाधान खोज्नुपर्नेमा जोड दिएका छन्, ताकि सेवा अवरुद्ध नहोस् र आम नागरिकले सास्ती बेहोर्नु नपरोस्।

विकास बजेट खर्च सुस्त हुँदा पूँजीगत खर्च न्यून

❐ काँक्रेविहार संवाददाता
सल्यान, २० चैत

आर्थिक वर्ष सकिन करिब साढे तीन महिना मात्र बाँकी रहँदा सल्यानमा विकास निर्माणका लागि छुट्याइएको बजेटको खर्च अत्यन्तै सुस्त देखिएको छ। विशेषगरी पुँजीगत खर्च कमजोर हुँदा जिल्लाको समग्र विकास गति मन्द बनेको छ। साथै, वर्षको अन्त्यतिर हतारमा बजेट खर्च गर्ने पुरानै प्रवृत्ति दोहोरिने संकेत पनि देखिन थालेको छ। कोष तथा लेखा नियन्त्रण कार्यालय सल्यानका अनुसार संघीय सरकारतर्फ पुँजीगत बजेट खर्च १४.८६ प्रतिशतमा सीमित छ।

कुल १३ करोड ५२ लाख ५९ हजार रुपैयाँमध्ये हालसम्म जम्मा २ करोड १ लाख १ हजार ६६४ रुपैयाँ मात्र खर्च भएको छ। यस्तै प्रदेश सरकारतर्फ पनि पुँजीगत खर्च १८ प्रतिशतमा सीमित रहेको छ। संघीय सरकारबाट विनियोजन गरिएको कुल ६ अर्ब २७ करोड ८० लाख ७८ हजार ४४ रुपैयाँमध्ये चैत १० गतेसम्म ५८.८९ प्रतिशत अर्थात ३ अर्ब ६९ करोड ७३ लाख ३१ हजार ८०३ रुपैयाँ निकासा भएको छ। तर चालु खर्च भने तुलनात्मक रूपमा सन्तोषजनक देखिएको छ। ६ अर्ब ९ लाख ८९ लाख १५ हजार ५ सय ६८ रुपैयाँ चालु बजेटमध्ये ५९.८६ प्रतिशत खर्च हुँदा विकासतर्फको खर्च भने निकै कमजोर रहेको छ। कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख उदयबहादुर डाँगीका अनुसार जिल्लामा संघीय स्तरका ठूला आयोजना सञ्चालन गर्ने निकाय नहुँदा पुँजीगत खर्च न्यून देखिएको हो। उनका अनुसार संघीय कार्यालयहरूको अभावले विकास बजेट कार्यान्वयनको दायरा नै सीमित बनेको छ। प्रदेशतर्फको अवस्था पनि खासै उत्साहजनक छैन। हालसम्म प्रदेश बजेटको जम्मा २४ प्रतिशत मात्र खर्च भएको छ। प्रदेश लेखा नियन्त्रण इकाइका प्रमुख दिनेशकुमार चौधरीका अनुसार चालुतर्फ ८९ करोड ३३ लाख ५१ हजार ९ सय ९० रुपैयाँमध्ये २९ करोड ४९ लाख ५८ हजार ७ सय ९६ रुपैयाँ खर्च भएको छ।

पुँजीगततर्फ १ अर्ब ४३ करोड ७७ लाख ४० हजार रुपैयाँमध्ये १८ प्रतिशत अर्थात २६ करोड २७ लाख ५९ हजार ७ सय ११ रुपैयाँ मात्र खर्च भएको छ। कार्यालयगत रूपमा हेर्दा खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयले ३३ प्रतिशत (१२ करोड १३ लाख ९२ हजार ४ सय ३४ रुपैयाँ), पूर्वाधार विकास कार्यालयले १८ प्रतिशत (१२ करोड ५ लाख ७५ हजार ५८ रुपैयाँ) र सामाजिक विकास कार्यालयले १२ प्रतिशत (१ करोड १८ लाख ६ हजार १ सय ६९ रुपैयाँ) खर्च गरेका छन्। जानकारहरूका अनुसार पुँजीगत खर्चको यस्तो न्यून दरले विकास प्रक्रियामा प्रत्यक्ष असर पार्छ। समयमै योजना कार्यान्वयन नहुँदा वर्षको अन्त्यमा हतारमा बजेट खर्च गर्ने, गुणस्तरहीन काम हुने र सार्वजनिक स्रोतको दुरुपयोग हुने जोखिम बढ्ने गर्दछ।

बजार अनुगमन तीव्र, म्याद गुज्रिएका सामग्री बरामद

❐ काँक्रेविहार संवाददाता
जाजरकोट, २० चैत

सदरमुकाम खलङ्गास्थित होटल तथा पसलहरूमा गरिएको संयुक्त बजार अनुगमनले बजार व्यवस्थापनको कमजोर अवस्था उजागर गरेको छ। शान्तिचौतारा र गैरीखाली क्षेत्रमा सञ्चालनमा रहेका ३४ वटा होटल तथा पसलमा गरिएको निरीक्षणका क्रममा उपभोक्ता अधिकारको उल्लङ्घन व्यापक रूपमा भेटिएको हो।

जिल्ला प्रशासन कार्यालय जाजरकोटका प्रशासकीय अधिकृत दिलीपकुमार सोनीका अनुसार अनुगमनका क्रममा करिब ५६ हजार रुपैयाँ बराबरका म्याद गुज्रिएका पेय पदार्थ तथा खाद्यान्न सामग्री जफत गरी नष्ट गरिएको छ। बजारमा उपभोग्य वस्तुहरू सुरक्षित र गुणस्तरीय हुनुपर्ने भए पनि अधिकांश व्यवसायीले न्यूनतम मापदण्डसमेत पालना नगरेको पाइएको उनले बताए। अनुगमन टोलीले धेरैजसो पसल तथा होटलमा मूल्यसूची नराखिएको, सरसफाइको अवस्था अत्यन्त कमजोर रहेको र खाद्यान्न सामग्री भण्डारणमा लापरबाही गरिएको पाएको छ।

यसले उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने भन्दै टोलीले चिन्ता व्यक्त गरेको छ। यसैबीच, एउटै क्षेत्रमा डिजेल र पेट्रोल फरक-फरक मूल्यमा बिक्री भइरहेको समेत फेला परेको छ। इन्धनको यस्तो असमान दरलाई उपभोक्तामाथिको ठगीको रूपमा लिँदै सरोकारवालाहरूले तत्काल सुधार आवश्यक रहेको बताएका छन्। अनुगमनपछि सम्बन्धित व्यवसायीहरूलाई आवश्यक सुधार गर्न कडा निर्देशन दिइएको प्रशासकीय अधिकृत सोनीले जानकारी दिए।



उनका अनुसार मूल्यसूची अनिवार्य रूपमा राख्न, सरसफाइमा सुधार ल्याउन र म्याद गुज्रिएका सामग्री बिक्री नगर्न चेतावनीसमेत दिइएको छ। जिल्ला प्रशासन कार्यालयले बजारलाई व्यवस्थित र उपभोक्ता मैत्री बनाउन आगामी दिनमा यस्ता अनुगमनलाई अझ प्रभावकारी र नियमित बनाउँदै लैजाने प्रतिबद्धता जनाएको छ।

श्रमदानबाट झोलुङ्गे पुल निर्माण हुने

❐ काँक्रेविहार संवाददाता
दार्चुला, २० चैत

दार्चुलाको विकट बस्ती व्यास गाउँपालिका-२ स्थित दुम्लिङ क्षेत्रमा श्रमदानमार्फत झोलुङ्गे पुल निर्माण गरिने भएको छ। श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज साम्पाङको नेतृत्वमा रहेको टोलीले स्थानीयको मागअनुसार काठा दुम्लिङस्थित मल्लो दुम्लिङखोलामा पुल निर्माण गर्न लागेको हो। गत चैत ११ गते प्राविधिक टोलीले स्थलगत निरीक्षण तथा नापजाँच गरेपछि पुल निर्माणको स्थान तय गरिएको इन्जिनियर डम्मर लिम्बूले जानकारी दिए। यसअघि महाकाली नदीमाथि नेपाल-भारत जोड्ने पुल निर्माणको सम्भावना अध्ययन गरिए पनि अन्तर्राष्ट्रिय सीमामा संरचना निर्माण गर्न दुवै देशको सहमति आवश्यक पर्ने भएकाले उक्त योजना तत्काल सम्भव नभएपछि वैकल्पिक रूपमा दुम्लिङखोलामा पुल निर्माण गर्ने निर्णय गरिएको हो।

स्थानीयको आवश्यकता र मागका आधारमा पुल निर्माणका लागि लागत अनुमानसहित विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ। व्यास गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णानन्द बडूका अनुसार वर्षायाममा खोलो तर्न नसक्दा विद्यार्थी विद्यालय जानबाट वञ्चित हुने समस्या समाधानका लागि पुल निर्माण अत्यावश्यक भएको हो।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

महाबै गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालीकोट
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

आठ महिनामा ५४ अर्बको कारोबार, आयातामा उच्च



काँक्रेविहार संवाददाता
नेपालगञ्ज, २० चैत

पश्चिम नेपालको प्रमुख व्यापारिक नाकामध्ये एक नेपालगन्ज नाकाबाट चालु आर्थिक वर्षको पहिलो आठ महिनामा झण्डै ५४ अर्ब रुपैयाँ बराबरको कारोबार भएको छ। नेपालगन्ज भन्सार कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/०८३ को यस अवधिमा कुल ५३ अर्ब ९१ करोड ६३ लाख ९९ हजार रुपैयाँको व्यापार भएको हो। कार्यालयका अनुसार उक्त कारोबारमध्ये आयातको हिस्सा अत्यधिक रहेको छ। आठ महिनामा ५१ अर्ब ९८ करोड ३० लाख ७४ हजार रुपैयाँको आयात भएको छ । निर्यात १ अर्ब ९३ करोड ३३ लाख २५ हजार रुपैयाँमा सीमित रहेको छ । यसले नाकामा आयातमुखी व्यापारको अवस्था अझै कायम रहेको देखाएको छ। नेपालगन्ज भन्सार कार्यालयका प्रमुख जनार्दन पौडेलले गत आर्थिक वर्षको तुलनामा यस वर्षको कारोबार करिब पाँच प्रतिशतले वृद्धि भएको जानकारी दिए। गत आर्थिक वर्ष २०८१/०८२ को सोही अवधिमा ५१ अर्ब ३२ करोड ९४ लाख २९ हजार रुपैयाँ बराबरको कारोबार भएको थियो। यस वर्ष सोही अवधिको तुलनामा करिब २ अर्ब ५८ करोड रुपैयाँले वृद्धि भएको हो। यद्यपि, समग्र कारोबार बढे पनि निर्याततर्फ भने गिरावट देखिएको छ।

गत वर्षको तुलनामा यस वर्ष निर्यात करिब २ करोड रुपैयाँभन्दा बढीले घटेको भन्सार कार्यालयले जनाएको छ। राजस्व संकलनतर्फ पनि सामान्य वृद्धि देखिएको छ। चालु आर्थिक वर्षको आठ महिनामा १२ अर्ब ७५ करोड ४३ लाख ८० हजार रुपैयाँ भन्सार राजस्व संकलन भएको छ, जुन गत वर्षको सोही अवधिको १२ अर्ब ६५ करोड ९६ लाख ३८ हजार रुपैयाँभन्दा करिब १० करोड रुपैयाँले बढी हो। व्यापारिक साझेदारका रूपमा छिमेकी देश भारतसँग सबैभन्दा ठूलो कारोबार हुने गरेको छ। आठ महिनाको अवधिमा भारतसँग मात्रै ४८ अर्ब ७८ करोड १७ लाख २७ हजार रुपैयाँको व्यापार भएको छ बाँकी करिब ५ अर्ब रुपैयाँ बराबरको कारोबार अन्य १९ देशसँग भएको जनाइएको छ । भन्सार कार्यालयका अनुसार भारतबाट मुख्य रूपमा पेट्रोलियम पदार्थ र खाद्यान्न आयात हुने गरेको छ ।नेपालबाट जडीबुटीजन्य वस्तुहरूको निर्यात बढी हुने गरेको छ। यसले नेपालगन्ज नाकालाई आयात-निर्यातको महत्वपूर्ण केन्द्रका रूपमा स्थापित गरिरहेको देखिन्छ।

एसईईलाई ध्यानमा राख्दै 'कर्णाली समृद्धि महोत्सव स्थगित'

काँक्रेविहार संवाददाता
सुर्खेत, २० चैत

वीरेन्द्रनगरमा सञ्चालन भइरहेको 'कर्णाली समृद्धि महोत्सव-२०८२' ले माध्यमिक शिक्षा परीक्षा (एसईई) लाई प्राथमिकतामा राख्दै साङ्गीतिक कार्यक्रमहरू अस्थायी रूपमा स्थगित गर्ने निर्णय गरेको छ । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, जिल्ला कार्यसमिति सुर्खेत र अभ्यान्ता मल्टिप्रपोज कम्पनीको संयुक्त आयोजनामा भइरहेको महोत्सवले चैत्र २० गतेदेखि चैत्र २६ गते बिहान ११:३० बजेसम्मका लागि सबै साङ्गीतिक प्रस्तुति रोकेको जनाएको हो।

महोत्सव आयोजक समितिका अध्यक्ष कविराज गिरी र सञ्चालक राजकुमार पौडेलद्वारा जारी विज्ञप्तिमा परीक्षा अवधिमा विद्यार्थीलाई शान्त वातावरण उपलब्ध गराउने उद्देश्यले यस्तो निर्णय गरिएको उल्लेख गरिएको छ।

आयोजकका अनुसार एसईईजस्तो संवेदनशील परीक्षाका बेला ध्वनि प्रदूषणले विद्यार्थीको एकाग्रतामा असर पार्न सक्ने भएकाले सामाजिक उत्तरदायित्व वहन गर्दै कार्यक्रम स्थगित गरिएको हो। साङ्गीतिक कार्यक्रमहरू रोकिए पनि महोत्सवका अन्य गतिविधि भने पूर्ण रूपमा बन्द गरिएका छैनन् । व्यापारिक स्टल, होटल तथा बाल उद्यानजस्ता सेवाहरू सीमित रूपमा सञ्चालनमा रहनेछन्।

साथै, वीरेन्द्रनगर नगरपालिका वडा नं. १ सँगको समन्वयमा सो अवधिभर ध्वनि विस्तारक उपकरण प्रयोगमा पूर्ण रोक लगाइएको छ। आयोजकले यस अवधिमा महोत्सव प्रवेश निःशुल्क गरिएको जनाएको छ। यसले स्थानीय उपभोक्ताहरूलाई बिना अवरोध व्यापारिक स्टलसम्म पुग्न सहज बनाउने अपेक्षा गरिएको छ। चैत्र २६ गते बिहानपछि भने महोत्सव पुनः पुरानै लयमा फर्किनेछ । सोही दिन दिउँसो ११:३० बजेदेखि राष्ट्रियस्तरका कलाकारहरूको प्रस्तुति सुरु हुने र प्रवेश शुल्कसमेत यथावत् लाग्ने आयोजकले जानकारी दिएका छन्।

चैत्र ११ गतेदेखि सुरु भएको महोत्सवको समापन प्रारम्भमा चैत्र २२ गतेका लागि तय गरिएको भए पनि साङ्गीतिक कार्यक्रम रोकिएको समयलाई मध्यनजर गर्दै अवधि केही दिन थप हुन सक्ने देखिएको छ। यस निर्णयले मनोरञ्जन र व्यापारभन्दा माथि उठेर विद्यार्थीको भविष्य र सामाजिक जिम्मेवारीलाई प्राथमिकता दिएको सन्देश दिएको छ।

सरकारी सेवा सुविधा परिमार्जन गर्ने निर्णय

काँक्रेविहार संवाददाता
कैलाली, २० चैत

सुदूरपश्चिम प्रदेश सरकारले निजी सचिवालयमा कार्यरत कर्मचारीहरूको सेवा सुविधा हेरफेर गर्ने निर्णय गरेको छ। मुख्यमन्त्री कमलबहादुर शाहको अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो।

सरकारले मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७५ को अनुसूची परिमार्जन गरी स्वकीय सचिवालयका कर्मचारीको तलब तथा सुविधा पुनःनिर्धारण गर्ने तयारी गरेको जनाएको छ। यस निर्णयले सचिवालयमा कार्यरत कर्मचारीहरूको सेवा सुविधा व्यवस्थापनमा सुधार ल्याउने अपेक्षा गरिएको छ।

यसैगरी, प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७५ अन्तर्गतको अनुसूची-२ मा पनि संशोधन गर्ने निर्णय गरिएको छ।

उक्त अनुसूचीमा कानुनी सल्लाहकार, स्वकीय सचिव, सचिवालय कर्मचारी, कार्यालय सहयोगी, सवारी चालक तथा अतिथि सत्कारसम्बन्धी



सुविधाहरू समेटिएका छन्। मन्त्रिपरिषद् बैठकले प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८२ स्वीकृत गर्ने निर्णयसमेत गरेको छ।

यसअघि प्रदेश सरकारले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी ऐन पारित गरी राजपत्रमा प्रकाशित गरिसकेको थियो, जसको कार्यान्वयनका लागि अब नियमावली स्वीकृत गरिएको हो

त्यस्तै, बाजुराको हिमाली गाउँपालिकामा भवन निर्माण कार्यक्रमलाई ससर्त अनुदानमार्फत कार्यान्वयन गर्ने निर्णय पनि गरिएको छ। बैठकले स्वास्थ्य क्षेत्रसँग सम्बन्धित निर्णयहरू पनि गरेको छ। डोटी अस्पताल विकास समितिको अध्यक्षमा भरत बोहोरा र अछाम अस्पताल व्यवस्थापन समितिको अध्यक्षमा लीलाराज केसीलाई नियुक्त गरिएको मुख्यमन्त्रीका प्रेस तथा जनसम्पर्क सल्लाहकार डम्मर बमले जानकारी दिए।

सरकारका यी निर्णयहरूले प्रशासनिक व्यवस्थापन, सेवा सुविधा तथा स्थानीय तहको कार्यसम्पादनलाई थप व्यवस्थित बनाउने विश्वास गरिएको छ।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा

लेबल स्टिकर, ब्रोसर पम्प्लेट, क्लेन्डर, पोस्टर

सरकारी फारम, भौचर, चलानी, बिलबुक

पुस्तक, नोटबुक, डायरी, रिपोर्ट, म्यागेजिन, पत्रिका

आइडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

GLOBAL OFFSET PRESS
offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८६६५६११४८

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)